# माई स्मल हेल्प, ललितपुर

## प्रगति विवरण २०७५।७६

मिति २०६४ साल वैशाखमा तदर्थ समिति गठन गरी कार्य शुरु गरिएको र मिति २०६४ साल चैत्र ६ गतेका दिन जिल्ला प्रशासन कार्यालय ललितपुरमा विधिवत् रुपमा **माई स्मल हेल्प** नामक संस्था दर्ता गरि वालवालिकाहरुको, विषेशगरी शैक्षिक क्षेत्रमा सहयोग पुर्‍याउने उद्देश्यले आफ्ना कार्यहरु शुरु गरेको यस संस्थाले आजका मिति सम्म आईपुग्दा क्रमिक रुपमा प्रगति गर्दै आएको मैले पाएको छु । यस क्रममा संस्था स्थापना काल भन्दा अगाडि देखि नै गरिब, जनजाति, पिछडिएका तथा जेहेन्दार वालवालिकाहरुको खोजी गरि त्यस्ता वालवालिकाहरुलाई शिरुलाई शिक्षाको उज्यालो ज्योति पुर्‍याउन आजका मिति सम्म यस संस्था सफल रहिआएको छ ।

सो क्रममा यस संस्थाले विभिन्न विद्यालयहरु सँग सहकार्य गर्दै वालवालिकाहरुलाई आवश्कता अनुसारको शैक्षिक खर्च ब्यहोर्ने प्रतिवद्धताका साथ आफ्नो कार्य प्रारम्भ गरि सो कार्यलाई आजका मिति सम्म पनि निरन्तरता दिनुका साथै संस्थाले आफ्नो उद्देश्य प्राप्त गर्नको लागि विभिन्न व्यक्तिहरु तथा संघ-संस्थाहरु सँग सहकार्य गर्दै विभिन्न कार्यक्रमहरु संचालन गर्दै आएको र सफलता प्राप्त गरेको छ ।

यसै क्रममा संस्थाले आर्थिक वर्ष २०७५।७६ मा प्राप्त गर्न सफल भएको प्रगति विवरण यसप्रकार रहेका छन् ।

- माई स्मल हेल्प नेपालको मुख्य आयस्रोत भनेको माई स्मल हेल्प यू.के. हो । सोही अनुरुप आ. व २०७४।७५ र २०७५।७६ को लागि GBP 51,000/- को सम्झौता गरिएको छ । सो रकम माई स्मल हेल्प यू.के.बाट मासिक रुपमा प्राप्त हुन्छ र त्यही रकमबाट कार्यक्रमहरु संचालन गरिन्छ । र सोही रकम बराबरको नेपाली रुपैयाँ ६,९४९,५००/- को समाज कल्याणबाट स्विकृति लिइएको छ । र यो आर्थिक बर्षमा ३,६००,२६०.१६ अक्षररुपी छत्तिस लाख दुई सय साठी रुपैयाँ सोह्र पैसा प्राप्त भएको छ ।

- यस संस्थाबाट छात्रवृत्ति प्रदान गरिएका सम्पूर्ण विद्यार्थीहरुका लागि यस वर्ष पनि छात्रवृत्ति जारी राखियो । कक्षा १ पढ्ने साना नानीहरु देखि स्नातकोत्तर सम्मको अध्ययन् गरिरहेका विद्यार्थी भाइबहिनीहरुले यस कार्यक्रमबाट प्रत्यक्ष रुपमा सहयोग पाईरहेका छन् ।

- काभ्रे जिल्ला, बल्थली गा.वि.स, वडा नं ५ नेपाने स्थित श्री लड्केश्वर निम्न माध्यामिक विद्यालयमा गुणस्तरिय तथा प्रयोगात्मक अध्यापनका लागि शैक्षिक सत्र २०७५।७६ को लागि संस्थाद्धारा तलब उपलब्ध गराउने गरि २ जना शिक्षिकाहरु नियुक्ति गरियो । यस कार्यक्रम लागू गरे पश्चात मुश्किलले २० जना विद्यार्थीहरुको उपस्थिति रहने उक्त विद्यालयमा अहिले ७० को संख्यामा नियमित विद्यालय आउने विद्यार्थी रहेका छन् । साथै विद्यार्थीहरुलाई शिक्षाको अलावा पनि विभिन्न खेलकुद, योगा, डान्स, सामाजिक उत्तरदायित्वको क्रियाकलापहरुमा सहभागि गराई उनिहरुको समग्र विकासलाई जोड दिइएकोछ । र सोही अनुसारको नतिजा पनि प्राप्त भइरहेको अवस्था छ ।

- विभिन्न समयमा संस्थाद्धारा सहयोग गरिएका नानीहरुलाई आवश्यक पर्ने सहयोग जस्तै खाजा खर्च , बस भाडा, स्वास्थ्य साथै अतिरिक्त कार्यक्रम ( भाषा, कम्प्युटर, फुटबल, संगीत, आयमूलक सिप )आदिमा तालिम खर्च उपलब्ध गराईयो ।

- यस आर्थिक वर्षमा २ जना विद्यार्थीहरुलाई +2 तहको शिक्षा तथा ३ जना विद्यार्थीलाई स्नातक तहको शिक्षाको लागि पनि सहयोग गरियो ।

- Higher Educational Program अन्तर्गत संस्थाको स्थापनाकाल देखि नै सहयोग गरिदै आएकी विद्यार्थी अनिता गुरुङ्गलाई Social Work विषयमा स्नातकोत्तर अध्ययन् गर्नको लागि भारतको गुजरात स्थित गणपत विश्वविद्यालयमा पठाउन सफल भइयो ।

- संस्थाद्धारा शैक्षिक सहयोग गरिएका सम्पूर्ण विद्यार्थीहरुको लागि दशैं तथा क्रिसमसको अवसर पारि आवश्यक सामाग्रीहरु उपहार स्वरुप वितरण गरियो ।

- संस्थाद्धारा शैक्षिक सहयोग गरिएका नानीहरु एलिसा थापामगर तथा सुनिता माभ्कीको को परिवारको (एकल आमा) लागि घरभाडा तथा रासन खर्च उपलब्ध गराईयो ।

- संस्थाद्धारा शैक्षिक सहयोग गरिएकी एलिसा थापा मगर बहिनीलाई सिलाई कटाईको तालिम तथा सर्मिला सुनुवार बहिनीलाई जर्मन भाषा तालिमको

लागि आर्थिक सहयोग गरियो । एलिसा थापा मगर हाल १२ कक्षामा अध्ययन् पनि गर्दै र स्थानिय टेलर्समा सिलाई सम्बन्धी काम पनि गर्दैछिन् ।

- गत आर्थिक वर्षमा नै निर्माण सम्पन्न भएको लमजुङ्गको सिमपानी स्थित श्री गणेश माध्यामिक विद्यालयको Hostel Block मा रङ्ग रोगन लगाउने कार्यको लागि सहयोग गरियो ।

- संस्थाद्धारा शैक्षिक सहयोग गरिएका विद्यार्थी सरोज थापालाई बैदेशिक शिक्षाको लागि अस्ट्रेलिया जाने अवसर प्राप्त भएकोले हवाई यातायात खर्च सहयोग गरियो ।

आर्थिक वर्ष २०७५।७६ मा माथि प्रस्तुत गरिएका कार्यहरु सफलताका साथ सञ्चालन गर्न यस संस्था सफल रह्यो ।

<u>संस्थाको तर्फबाट माथि उल्लेखित विवरण प्रमाणित गर्ने ब्यक्ति</u>

नाम : सुरज शर्मा न्यौपाने

हस्ताक्षर :

पद : सचीव

मिति : २०७६/४/१५

छाप :